जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- १२, २०८१ कात्तिक १ गते विहीबार, 17 Oct. 2024, नेपाल सम्वत्- ११४४ पृष्ठ-६, मूल्य रु. ५/-

हेटौंडा अस्पतालको टिकट मोबाइलबाटै

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा रहेको सरकारी अस्पताल हेटौंडा अस्पतालको टिकट मोबाइलबाटै बुकिङ गर्न सकिने भएको छ ।

अस्पतालले सेवाग्राहीको सहजताको लागि मोबाइलमार्फत टिकट बुकिङ सेवा गर्ने भएको हो । यो सेवा १ कार्तिकबाट लागू हुने अस्पताल प्रशासनले जनाएको छ । यो सुविधा लागु भएसँगै अस्पतालको सेवा लिनको लागि लामो लाइनमा बस्नु नपर्ने भएको छ । अस्पतालले नगद वा स्वास्थ्य बिमा दुवै प्रणालीबाट टिकट बुकिङको गर्न सकिने व्यवस्था गरेको जनाएको छ।

अस्पतालको नयाँ प्रणालीअनुसार, बिरामीले मोबाइल एपमार्फत कुनै पनि विभागमा जाँचका लागि सजिले टिकट लिन सक्नेछन्। यसका साथै परिवारका अन्य सदस्यका लागि पनि यस एपमार्फत टिकट लिन सकिनेछ । अस्पताल प्रशासनले दिएको जानकारी अनुसार, जाँच गर्नुपर्ने मिति भन्दा अघिल्लो रात १२ बजेभित्रै टिकट बुकिङ गरिसक्नुपर्नेछ । जाँच हुने दिन बिहान टिकट बुक गर्ने सुविधा भने हाललाई उपलब्ध छैन ।

पुराना बिरामीले अस्पतालको आईडी प्रयोग गरेर पुन: जाँच गराउन सक्नेछन् भने नयाँ बिरामीले आफ्नो व्यक्तिगत विवरण भरेर टिकट बुकिङ गर्न सक्नेछन् । यो सेवाले अस्पतालमा आउने बिरामीलाई लामो लाइनमा बस्नुपर्ने समस्याबाट मुक्त गराउने बताइएको छ । बिरामीले एपमार्फत ल्याब रिपोर्ट पनि सजिलै हेर्न र डाउनलोड गर्न सक्ने प्रशासनले जनाएको छ । हेटौंडा अस्पतालले यो सेवा सुरू गरेर बिरामीलाई थप सुविधा दिने र स्वास्थ्य सेवा अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ ।



मोबाइलबाट टिकट बुकिङ गर्न अस्पतालको आधिकारिक वेबसाइटमा गएर एप डाउनलोड गर्नुपर्छ । त्यसपछि, आफ्नो मोबाइल नम्बर राखेर दर्ता गर्नुपर्नेछ । दर्ता गरेपछि कुन विभागमा जाँच गराउने, कुन चिकित्सक छनोट गर्ने र कुन मितिमा जाँच गर्नुपर्ने हो भन्ने जानकारी भरेर टिकट बुक गर्न सकिन्छ ।

यदि नगदमा जाँच गराउन चाहिएको भए 'पे नाउ'मा क्लिक गरेर भुक्तानी गर्न सकिन्छ । बिमा भएका बिरामीले आफ्नो बिमा नम्बर राखेर स्वास्थ्य बिमाको सेवा लिन सक्नेछन् । एक पटक टिकट बुक गरेपछि बिरामीले अस्पतालमा उपस्थित भइ काउन्टर बाट कार्ड लिनुपर्नेछ ।

आफूले छानेको मितिमा उक्त टिकट लिएको विवरण बताई अस्पतालको काउन्टरबाट कार्ड लिन सकिने छ । बिमाको हकमा बिमा कार्ड, र नगदको हकमा बिरामीको नाम र दर्ता गरेको मोबाइल नम्बर आवश्यक हुनेछ। कार्ड लिनको लागि ठोकन लिन पर्दैन भने ओपिडिमा चिकित्सक रहने समय भित्र पुगी कार्ड लिन सकिन्छ ।

हेटौंडा उपमहानगरको विशेष नगर सभा करको दर संशोधन नहुने



○ सहीखबर संवाददाता

हेटौंडा उपमहानगरपालिकाको विशेष नगरसभाले चालु आर्थिक वर्षको आर्थिक ऐनमा कुनै किसिमको संशोधन नगरी लागु गर्ने निर्णय गरेको छ।

बुधबार बसेको विशेष नगरसभाले चालु आर्थिक वर्षको आर्थिक ऐनमा गरिएको व्यवस्थामा नगरवासीको माग बमोजिम करको दर पुनरावलोकन नगरी आगामी आर्थिक वर्षमा पुनरावलोकन गर्ने संकल्प प्रस्ताव पारित गरेको छ।

कर वृद्धिबाट नगरवासीलाई पर्न गएको असरलाई भने विशेष नगर सभाले आत्मसात गरेको जिकिर छ। आर्थिक ऐनमा संशोधन गर्दा विनियोजन विधेयकमा समेत असर पर्ने भन्दै नगरसभाले संशोधन नगर्ने निर्णय गरेको हो।

यसैबीच हेटौंडा उपमहानगरपालिका सहमति गरेर करको दर संशोधन नगरेपछि मकवानपुर उद्योग वाणिज्य संघको कार्यसमितिले नयाँ निर्णय गरेको छैन । संघको कार्य समिति तथा व्यवसायिहरूबीच बिहीबार बैठक बस्ने र निर्णय सार्वजनिक गर्ने भएको छ ।

हेटौंडा उपमहानगरपालिकाका नगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरूसमेतको उपस्थितिमा विशेष नगरसभा मार्फत चालु आर्थिक वर्षको आर्थिक ऐनमा संशोधन गरी सबिकै करको दर लागु गर्ने भनी व्यवसायीसँग लिखित सहमति गरेको हेटौंडा उपमहानगरपालिकाले बुधबार विशेष नगरसभामा करको दर हेरफेर नगर्ने निर्णय गरेसँगै संघले बैठक बोलाएको हो ।

आर्थिक मन्दीका बेला अस्वभाविकरूपमा अत्यधिक कर वृद्धि गरेको भन्दै व्यवसायी आन्दोलित बनेका थिए । व्यवसायीसँगको लिखित सहमति र पछिल्लो अनौपचारिक सहमतिलाई समेत बेवास्ता गर्दै आर्थिक ऐनमा संशोधन नगर्नु नगरप्रमुख र उपप्रमुखको दम्भ भएको उल्लेख गर्नुहुँदै मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले भोलि बिहीबार कार्यसमितिको बैठक बसेर भावी कार्यक्रम तय गरिने जानकारी दिए ।

"हामीसँगको सहमतिपछि नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्षसहितको समूहले काठमाडौं पुगेर पूर्वअर्थमन्त्री, अर्थसचिव, अर्थविद्सँग भेटेर करको दर संशोधन गर्ने विषयमा छलफल गरेका थियौं" अध्यक्ष अग्रवालले भने, "पूर्वमन्त्री, अर्थसचिव, अर्थविद्ले राजश्वको दर परिवर्तन गर्न सकिने सुझाव प्राप्त भएको थियो, पछिल्लो समय उपप्रमुख नेतृत्वको कार्यदलसँग पनि करको दरमा केही छुट गर्ने अनौपचारिक सहमति भएको थियो । ती सबै सहमतिलाई बेवास्ता गर्दै एकतर्फी निर्णय भएको छ । हामी भोलि बैठक बसेर आगामी कार्यक्रम तय गर्छौं ।" नगरसभामा नगरप्रमुख मीना कुमारी लामाले करवृद्धिको विरोधमा व्यवसायीको आन्दोलन, व्यवसायीसँगको ८ बुँदे सम्झौताको विषय समेत प्रस्तुत गरेकी थिइन् ।

व्यवसायीहरुको निर्णय आज आउँने

गत असार ७ गते सम्पन्न नगर सभाले चालु आर्थिक वर्षका लागि तय गरिएको राजश्वको दर अस्वभाविक र चर्को दरमा वृद्धि गरिएको भन्दै नगरवासी र व्यवसायीले विरोध जनाएका थिए । व्यवसायी आन्दोलनमै उत्रिएपछि उपमहानगरपालिकाले राजश्वको दर सार्विकै कायम गर्ने सहमति समेत गरिसकेको थियो ।

राजश्वको दर परिवर्तन गर्ने सम्बन्धमा अध्ययन गर्न उपप्रमुख बानियाँको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्ष, व्यवसायी प्रतिनिधिको सहभागितामा संघीय सरकारका पूर्वअर्थमन्त्री एवम् अर्थविद् डा। युवराज खतिवडा, पूर्व अर्थसचिव राजन खनाल र हालका अर्थसचिव डा। रामप्रसाद घिमिरेसँग समेत परामर्श गरेको छ ।

हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँसहित काँग्रेस सम्बद्ध कार्यपालिका सदस्यले हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठक बहिष्कार गरेका छन् । गत असार ७ गते नगरसभा सदस्यलाई जानकारी समेत नगराई नगरप्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँले नगरसभामार्फत करको दर बढाउने गरी आर्थिक ऐन २०८१ पारित गरेपछि नगरवासी र व्यवसायीको विरोधका बीच व्यवसायीसँग विशेष नगर सभा बोलाउन उपमहानगरपालिकाले सम्झौता समेत गरेको थियो ।

राजश्वको दर वृद्धि गर्ने गरी आर्थिक ऐन पारित भएको भन्दै नगरवासी र व्यवसायीले विरोध गरेपछि नगरसभाको बहुमत सदस्यले गत साउन ३० गते विशेष नगरसभा मागसमेत गरेका थिए । नगरसभाको बहुमत सदस्यले विशेष नगरसभाको माग गरेसँगै नगरप्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँसहितको उपस्थितिमा नगरपालिकाले व्यवसायीसँग विशेष नगर सभा आव्हान गरेर माग सम्बोधन गर्ने गरी सम्झौता समेत गरेको थियो । आर्थिक मन्दीका बीच व्यवसायी मर्कामा रहेका बेला राजश्वको दर बढाएको भन्दै उपमहानगरको चौतर्फी विरोध भइरहेको छ ।

हेटौंडा उपमहानगरपालिकाले आर्थिक ऐन २०८१ मार्फत राजश्वको दर २६६ प्रतिशतसम्म वृद्धि गरेको छ भने सिफारिस दस्तुर समेत पाँच सय रूपैयाँबाट बढाएर एक हजार रूपैयाँ पुर्‍याएको छ । उपमहानगरपालिकाको आर्थिक पारदर्शितामाथि समेत शंका गर्दै नगरवासी, व्यवसायीले राजश्वको दर सार्विकै कायम राख्न र पारदर्शी, जिम्मेवार स्थानीय सरकारको रूपमा प्रस्तुत हुन माग गर्दै आएका छन् ।

२०८१ कात्तिक १ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
संवाददाता: गोपिनी दाहाल
प्रबन्ध/बजार व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

चिसोबाट बचौं

दशैंको बिदाइसँगै चिसो बढेको छ । यसवर्ष ढीलो गरी मनसुन बाहिरीएपछि अब कात्तिकबाट हल्का चिसो सूरू भएको छ । बिहान बेलुकी चिसो बढ्न थालेपछि मौसमी फ्लुले विभिन्न स्वास्थ्य समस्याहरू देखापर्ने संभावना हुन्छ । चिसोले केवल तापमान मात्र घटाउँदैन, यसले स्वास्थ्यमा विभिन्न चुनौतीहरु पनि ल्याउँछ। विशेषगरी, जाडोको समयमा रूघाखोकी, ठनसिल, ज्वरो जस्ता संक्रमणहरू देखा पर्छन् । यस वर्ष चिसो मौसममा अप्रत्याशित परिवर्तन देखिएने मौसमविदहरूले भविष्यवाणी गरेका छन् । यस कारण समयमै सतर्कता अपनाउनु जरूरी छ । चिसो र तातोको चक्रमा वृद्धि भएपछि शरीरमा अनियमितताहरु देखा पर्दछन् । चिसो मौसमले विशेषगरी वृद्ध, बच्चा र कमजोर प्रतिरक्षा प्रणाली भएका व्यक्तिहरुलाई बढी असर पुर्याउँछ।

चिसोमा उचित कपडा लगाउने, तातो पेय पदार्थ पिउने, र घरको तापमान नियन्त्रण गर्ने महत्वपूर्ण कार्यमा विशेष ध्यान दिनु जरूरी छ। साथै, स्वास्थ्य जाँच र नियमित व्यायामले पनि स्वास्थ्यमा सुधार ल्याउन मद्दत गर्छ । बिरामी भएर उपचार गर्नुभन्दा चिसोबाट सुरक्षित रहनु बुद्धिमानी हुन्छ, त्यसैले यसका लागि सचेत रहनु अत्यावश्यक छ। चिसोबाट बच्न र बचाउन महत्वपूर्ण पक्ष हुन्, तापक्रमको उचित व्यवस्थापन । नियमित रुपमा तातो तरल पदार्थ पिउने गर्दा यसले शरीरको तापमान कायम राख्न मद्दत गर्दछ र स्वास्थ्यलाई सुधार्छ । चिया, कफी र तातो पानी पनि फाइदाजनक हुन्छ।

बालबालिका र वृद्धका लागि चिसोबाट बच्न चुनौतीपूर्ण हुन्छ । उनीहरूको शरिरमा तापक्रमको उचित व्यवस्थापान गर्नु जरूरी छ विशेष गरी हात र खुट्टालाई चिसोबाट बचाउनु पर्छ । अनावश्यक रूपमा घरबाहीर नहिड्ने, विहान बेलुकीको चिसोमा ननिस्कने, झोलिलो र तातो पद्धार्थ पिउने गर्नाले चिसोबाट बच्न धेरै हदसम्म सहायता मिल्छ । समयमै स्वास्थ्यमाथि सचेत बनौ । विपन्न नागरि कलाई चिसोबाट बचाउन समयमै पहल कदमी सुरू गरौं ।

राजनीतिक बालीघरे विरुद्ध खगेन्द्र सुनारको विद्रोह



हिरा विश्वकर्मा

दलित समुदायका विश्लेषक तथा लेखक इन्द्र टमटाले एउटा लेखमा नेपालको दलित आन्दोलन ट्रेड मिलमा दौडिएको दौड्यै छ भनेका छन् । हामीलाई थाहा भएकै हो ट्रेड मिलमा दौडिएर कहीं गन्तव्यमा पुगिंदैन । अहिले हाम्रो आन्दोलनको अवस्था पनि त्यस्तै छ, अर्थात् यो आन्दोलनमा अहिले न त कुनै विचार छ, न कुनै संगठन र नेतृत्व । तर चिन्ता गर्ने भने धेरै छन्, जसले ट्रेड मिलमा दौडिएर स्वस्थ भएको अनुभव त गर्छ तर त्यो एउटा व्यक्तिमा सीमित हुन्छ । समग्र समुदायलाई कुनै असर हुँदैन ।

अहिले ठूलो संख्यामा दलितहरू विभिन्न राजनैतिक संगठनमा विभिन्न रूपमा आबद्ध छन्, माओवादीका युवा दलित नेताले दाबी गरे अनुसार उसको ७ लाख संगठित सदस्यहरूमध्ये एक लाख दलित नै छन् । त्यस्तै एमाले, कांग्रेसमा पनि ठूलो संख्यामा दलितहरू आबद्ध छन् तर, उनीहरू कसैसँग पनि दलित मुक्तिको खाका त परको कुरा सपना समेत छैन ।

दलित समुदायलाई आर्थिक रूपमा शोषण तथा पराधीन राख्ने एउटा प्रथा थियो बालीघरे, खलो तथा लगी प्रथा । पूर्वतिर बालीघरे, मध्य तथा सुदूरपश्चिमतिर खलो तथा लगी प्रथा भनिन्छ । यो प्रथामा दलितहरूसँग भएको जातिगत सीपको उपयोग गरे बापत विष्ट-बराजु भनिने गैरदलितहरूले बाली भित्र्याएको बेला केही सडेगलेका अन्नहरू दिने अभ्यास हो । त्यस्तै, दशैं-तिहार जस्ता चाडहरूमा आफ्नो घरमा बचेखुचेका केही खाना तथा पुराना कपडाहरू दिने प्रचलन पनि ।

अहिले पार्टीमा लाग्ने दलितहरू यही बालीघरे प्रथामा रमाइरहेका छन् भन्दा अत्युक्ति नहोला । अझ रमाई पनि के रहेका छन् । साथै, आश र त्रासमा आफ्नो सम्पूर्ण राजनैतिक जीवन बिताइरहेका छन् । बालीघरे प्रथामा त कमसेकम केही कमसल भए पनि अन्न त पाइन्थ्यो तर यो राजनैतिक बालीघरेमा कुनै राजनैतिक भागबन्डा पाइन्थ्यो कि भनेर आश गरेर बस्ने बाहेक केही हात लागेको देखिंदैन ।

भन्न त मान्छेहरूले भन्लान्, समानुपातिक मार्फत केही सांसद पद त पाएकै छन् । त्यो पद पनि संवैधानिक व्यवस्थाका कारणले बाध्यकारी भएर पाएका हुन्, नत्र भने त्यही पनि सम्भव हुन्थेन । अहिले एमाले र कांग्रेसको गठबन्धन सरकार छ । एमालेको ठूलो भ्रातृ संगठन उत्पीडित जातीय मुक्ति समाज क्रियाशील छ । उनीहरूको गतिविधिहरू सामाजिक सञ्जालमा पोस्ट भएअनुसार लाग्छ- उनीहरूले पार्टीको दलितभित्रको भोट बैंक सुरक्षित गरिरहेका छन् र पार्टीलाई पटक-पटक सत्तामा पुऱ्याउन अहम् भूमिका खेलिरहेका छन् ।

तर पार्टी पटक-पटक सत्तामा पुग्दा दलितले बाध्यकारी संवैधानिक तथा कानुनी नियुक्ति बाहेक अन्य के पाए ? खासगरी मुक्ति समाज जसले नाममा दलित शब्द नजोडे पनि दलितहरूकै संगठन बनाएर पार्टीका विष्ट बराजुहरूलाई सत्ताको स्वाद चखाइरहेको छ र आफू जसरी बाली लिन जाँदा अलि उदार विष्टको घर भए पिंढीसम्म, नभए आँगनबाटै अन्न थापेर ल्याउने जस्तै, त्यति पनि कुनै हिस्सा सत्तामा पाएको देखिंदैन । कुनै पनि राजनैतिक पार्टीहरूको अभीष्ट भनेको जसरी पनि सत्तामा पुग्ने हो, किनभने सत्ता पनि पावर हो, सत्ता भनेको स्रोत हो, सत्ता भनेको शासन गर्ने माध्यम हो ।

त्यो माध्यममा पुग्न उनीहरूले जुनसुकै स्तरका हतकण्डा अपनाएको देखिन्छ त्यसमा दलितहरूलाई बलियो र भरपदी भऱ्याङ । मेरो विचारमा एमालेको मुक्ति समाज सो पार्टीका अन्य भ्रातृ संगठनको तुलनामा एउटा सशक्त र ठूलो संगठन हो । त्यस्ता भ्रातृ संगठनको प्रयोजन मूलत: उनीहरूले प्रतिनिधित्व गर्ने समुदाय सम्बन्धी नीति, कार्यक्रम, बजेट र सरकारको आवश्यक ठाउँहरूमा समानुपातिक समावेशी नीति अनुसार प्रतिनिधित्व गराउनु हो ।

तर अहिलेको मूलधारका पार्टीहरूले सत्तारोहण गर्दा आफ्ना सजातीय तथा आसेपासेहरूलाई त जसरी पनि सत्तामा पुर्याउँछन् तर जब दलितलाई त्यहाँ पुऱ्याउनुपर्ने अवस्था आउँछ, त्यति बेला दलित छुट्ने गर्दछन् ।

त्यसको पछिल्लो उदाहरण हो एमालेबाट छविलाल विश्वकर्मा जसको मिडियामा खुबै चर्चा भएको थियो । त्यस्तै नेपाली कांग्रेसको कोइराला गुटका जीवन परियार । यी दुवैलाई अन्तिम समयमा आएर पाखा लगाइयो । कतिसम्म भने शेखर गुट जसले कांग्रेसको

बालीघरे प्रथामा त कमसेकम केही कमसल भए पनि अन्न त पाइन्थ्यो तर यो राजनैतिक बालीघरेमा कुनै राजनैतिक भागबन्डा पाइन्थ्यो कि भनेर आश गरेर बस्ने बाहेक केही हात लागेको देखिंदैन ।

भागमा आफ्नो हिस्सा मागिरहेको मात्र थिएन, समावेशी नभएको पनि आरोप लगाइरहेको थियो, उसले आफ्नो गुटका एक सशक्त दाबेदार जीवन परियारलाई पाखा लगाएर अरूलाई नै सिफारिस गऱ्यो । अर्थात् दलितहरू यी दुइटा ठूला पार्टीहरूको बालीघरेबाट पनि बञ्चित भए ।

यसरी दलितहरूलाई पाखा लगाइएको कुरा यसपालि मिडियाहरूले जोडतोडका साथ आफ्नो समाचार, फिचर तथा लेखहरूबाट उठाए । उता दलित अधिकारकर्मीहरूले पनि झिनो स्वरमै भए पनि असन्तुष्टि जनाए । तै लाजकाजै भए पनि कांग्रेसले वन राज्यमन्त्रीमा रूपा विकलाई पठायो । यता एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले भने कुनै टेरपुच्छर लगाएनन् ।

यसरी दलितहरूलाई देशको एउटा महत्वपूर्ण जनसांख्यिक हिस्सा भएता पनि सधैं उपेक्षा गर्दै आइयो । यही परिप्रेक्ष्यमा "दलितलाई खै' भन्दै जोडतोडका साथ अभियान चलाउने नायकको रूपमा उदाए दैलेखका पत्रकार तथा दलित अभियन्ता खगेन्द्र सुनार ।

जुनसुकै देशको आन्दोलनले पनि एउटा नायक खोजिरहेको हुन्छ । किनभने जसरी मौरीको बथानले आफ्नो रानीको वरिपरि नै अस्तित्व र जीवन पाउँछ कुनै पनि आन्दोलनले आफैं स्वस्फूर्त रूपमा केही काम गर्दैन । एउटा नायकले उठाएको सवालमा आफूलाई जोड्दै लैजान्छ र आन्दोलनलाई गन्तव्यमा पुर्याउँछ ।

त्यस्तै गन्तव्यमा पुऱ्याउन आफ्ना सबै इच्छा-आकांक्षाहरू त्यागेर अगाडि आएका छन्, खगेन्द्र सुनार । उनले लगभग ४५ दिनभन्दा बढी मूलत: आफ्ना केही सहयोगीका साथमा माइतीघर मण्डलमा "दलितलाई खै" भन्दै करीब ७ किलोको नेल हत्कडी लगाएर घाम-पानी तथा दिन-रात नभनी सडकमा उभिए ।

उनको यो आन्दोलनलाई संभवत: उनी आफैं कुनै समय क्रियाशील र सशक्त पत्रकार भएका नाताले होला । नेपालका राष्ट्रिय तथा मूलधारको मिडियाहरूले खुब साथ दिए र उनको आन्दोलनलाई सकेसम्म हाइलाइट गर्ने कोसिस गरे, यसले गर्दा उनको अभियानलाई प्रशस्तै बल दियो ।

यो अभियान सुरु गर्नुभन्दा पहिले उनले हामीसँगको कुरामा संविधान जारी भएको असोज ३ गते देशभरिबाट एक लाख मान्छे उतार्छु भनेका थिए । म आफैं पनि अभियानकर्मी भएको हुँदा उनको यो भनाइलाई हावा कुरा भन्ने सोचिरहेको थिएँ । उनीसँग छलफलकै क्रममा उनले केही महिना अघि ३ महिनाभन्दा बढीको भारत यात्राको कुरा गरेका थिए । जस अन्तर्गत उनले दलितहरू धेरै संख्यामा बसोबास गर्ने मद्रास, बैंगलोर, मुम्बई लगायत ठाउँहरूमा गएर उनीहरूसँग सबै प्रकारको सहयोग गर्न अनुरोध गरेका थिए ।

गण्डकीदेखि पश्चिमतिरका ७५ प्रतिशतभन्दा बढी दलितहरू रोजगारीका लागि भारत जाने गर्दछन् । पहिले पनि यो क्रम थियो र अहिले पनि छ, खगेन्द्रका अनुसार पहिले-पहिले पनि नेपालीहरूले गर्ने काम भनेको जागते रहो भन्दै गर्ने

बाँकी पेज ३ मा

...पेज २ को बाँकी

भरिभराउ कुलेखानी राजनीतिक...

जसरी रवि लामिछानेले आफ्नो नायकत्वका साथै एउटा बलियो टिम बनाएर पार्टी राजनीति मार्फत यति चाँडो सत्तामा पुग्न सफल भए त्यसरी नै खगेन्द्रले पनि एउटा बलियो र बौद्धिक टिम बनाएर अगाडि बढ्नुको विकल्प छैन । नत्र, उनी दीपक मनाङे जस्तो सत्तामा छिर्के दाउ हान्ने अवस्थामा त पुग्लान् तर त्यसले दलित आन्दोलनलाई कहीं पुऱ्याउने छैन ।



○ सहीखबर संवाददाता

मकवानपुर।मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा रहेको कुलेखानी जलविद्युत् अयोजनाको जलाशय यतिखेर मनमोहक भएको छ ।

गत असोज १२ गते पानी ओभर फ्लो भएर बाँध फुट्ने भयको कारण दुबै ढोका खोलेर पानी कटाउँदा जनधनको क्षति भएको थियो । पानी नियन्त्रण गर्न सकिने अवस्थामा पुगेपछि बाँधको ढोका बन्द गरियो । अहिले यो जलाशय टमक्क भरिएर आकर्षक देखिएको छ ।

बाढी पाहिरोको भय कम भएसँगै खुलेका पाहाडी बाटाहरुले यस जलाशय हेर्नहरु क्यामरा लिएर तालको छेउमा रमाएका देखिन्छन् ।

स्थापना भएदेखि हालसम्म पहिलो पटक गत असोज १२ गते जलाशयमा पानीको सतह खतराको तहभन्दा माथि पुगेको थियो। त्यतिबेला आयोजनाको ड्याम फुट्ने खतरा बढेपछि आयोजनाका दुवै ढोकाबाट पानी छाडेर जलाशयमा पानीको सतह झण्डै एक मिटर घटाइएको थियो । जलाशयबाट छाडिएको पानीले ड्याम तलको क्षेत्रमा बाढीको सिर्जना हुँदा ठूलो जनधनको क्षतिसमेत भएको थियो । सिस्नेरी बजार ध्वस्त भएको थियो भने यहाँका झण्डै ३ दर्जन घरघरको निशाना समेत मेटिएको थियो ।

यही पानीको बहाबको कारण विद्यालय नै बगाउने त्रासले भाग्द बत्सलादेवी माविमा रहेका एन्फा एकेडेमीका ६ जना विद्यार्थीको ज्यान गएको थियो ।

जलासय क्षेत्रमा यस वर्ष ठूलो वर्षा भएकाले आयोजनामा अहिले पर्याप्त पानी जम्मा भएको कुलेखानी जनविद्युत् आयोजना (प्रथम) का प्रमुख इन्जिनिय तारादत्त भट्टले बताउँछन् ।

कुलेखानी जलायको पूर्ण क्षमता समुद्र सतहबाट १ हजार ५३० मिटर हो । इन्जिनियर भट्टका अनुसार यस वर्ष पर्याप्त वर्षा भएकाले जलासयमा अहिले पर्याप्त पानी जम्मा भएको छ ।

गत असोज १२ गते कुलेखानीमा पानीको सतह १ हजार ५३१ मिटर पुगेको थियो। त्यो भनेको आयोजनाको क्षमताभन्दा पानी एक मिटर बढी हो । कुलेखानीमा अहिले १ हजार ५ सय २९.५७ मिटर पानी छ । यो भनेको आयोजनामा अहिले पानीको गहिराई झण्डै ८० मिटर छ । असोज २७ गतेबाट आयोजना सञ्चालनमा गर्न थालेकाले पानीको सतहट अब क्रमश: घट्दो क्रममा रहेको छ ।

गतवर्ष जलाशयमा पानीको सतह अधिकतम १ हजार ५२३ दशमलव ५ मिटर पुगेको थियो। यस वर्ष जलाशयमा गत वर्षभन्दा झण्डै आठ मिटर धेरै पानी जम्मा भएको भट्टले जानकारी दिए।

दुई वर्षअघि कुलेखानी जलाशयमा पानीको सतह १ हजार ५२९.९ मिटर पुगेको थियो । पूर्ण क्षमतामा चल्दा कुलेखानी प्रथमबाट ६० मेघावाट, कुलेखानी दोस्रोबाट ३२ मेघावाट र कुलेखानी तेस्रोबाट १४ मेघावाट विद्युत उत्पादन हुन्छ।

नेपालको एकमात्र जलाशययुक्त कुलेखानी आयोजनाबाट विशेषत: सुख्खायाममा विद्युत् उत्पादन गर्ने गरिएको छ । तर, यस वर्ष माथिल्लो तामाकोसीसहित देशका धेरै विद्युत् आयोजनामा बाढीपहिरोले क्षति पुगेपछि जलाशय दशैंकै बेलासमेत सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना भएको थियो ।

मुलुकको लागि आवश्यक विद्युत रिजर्भको रुपमा यो आयोजनालाई लिने गरिएको छ । किनकी कुलेखानी आयोजना मुलुकमा बिजुली नपुग्दा मात्रै चलाउने गरिएको छ । नत्र अधिकांश समय आयोजना बन्द अबस्थामा रहन्छ।

यस वर्ष अन्य आयोजना बाढी-पहिरोले बन्द हुँदा कुलेखानी जलाशयषर्खाकै बेलासमेत सञ्चालन गर्नुपर्ने अवस्था आएको भट्टले बताए । २७ असोजमा आयोजना ६१४ मेगावाट चलेको थियो । इन्जिनियर भट्टका अनुसार त्यस यता पनि प्लान्ट चलिरहेको छ । “अब हामी पानीको यही लेबल मेन्टेन गर्दै आवश्यक परेको बेला आयोजना सञ्चालन गर्दै जान्छौ” भट्टले भने । उनले आयोजना सञ्चालन हुँदा जलाशयमा पानीको लेबल ८/१० सेन्टिमिटर तलमाथि भइरहेने बताए। यस वर्षको बर्खा सकिएकाले अब यो भन्दा पानीको लेबल नबढ्ने भट्टको अनुमान छ।

कुलेखानी जलासयमा ड्यामदेखि मार्खुसम्म सात किमी लामो पानीको सतह छ। भट्टका अनुसार आयोजनाबाट १४ सय ८३ मिटरसम्म पानी चलाउन मिल्छ। अहिले कुनै ठाउँमा १४ सय ७०, कुनै ठाउँमा १४ सय ६७ मिटर पानी छ। कुलेखानीमो पानीको गहिराईको लेबल पनि फरक फरक छ। यसमा पानी पूणरुपमा जम्मा हुँदा ८० मिटर सम्म गहिरो हुन्छ । इन्जिनियर भट्टका अनुसार बाढी पहिरोले आयोजनामा ढुंगामाटो थुप्रिँदा पानी रहने केही भाग पुरिएको छ । ५० सालको बाढीले पनि केही गहिराईलाई पुरेको थियो। यसवर्षको बाढीले पनि त्यसमा थप क्षति पुगेको छ। गत वर्ष मापन गर्दा आयोजनाको गहिराई समुद्र सतहबाट १४५६ देखि १४६५ सम्म थियो।

२०५० सालदेखि आयोजनाको सतहमा जमेको ढुंगामाटो सफाइ गरिएको छैन। खोलानालाहरुबाट आएको ढुंगामाटो त्यहाँ थुप्रिएर बसेको भट्टले बताए । यता सोही गाउँपालिकाको मार्खुमा सडक खन्दा निस्केको माटो पनि त्यही जलासयमा हालिदिएका कारण यस जलाशयको गहिराई घटेको छ ।

जलाशयको उचित संरक्षण तथा सरसफाइको पाटो चुनौतीपूर्ण बन्दै आएको छ । कुलेखानी जलाशयको सुरक्षातर्फको पाटोलाई बलियो बनाउँदै, पर्यटकीय दृष्टिकोणले समेत यसको विकास गर्न सकेमा आम्दानी बढाउन सकिन्छ । यसतर्फ स्थानीय पालिका वा संघीय सरकारले लगानी गर्न सकेको छैन । स्थानीयवासीको सुरक्षा र जलाशयको संरक्षण गर्दै आन्तरीक आय बढाउन तर्फ ध्यान दिनु पर्ने सरोकारवालाहरु बताउँछन् ।

चौकीदारी, होटलमा भाँडा माझ्ने लगायत अत्यन्त कम तलब तथा सम्मान पाइने काम गर्ने हो ।

जसरी रवि लामिछानेले आफ्नो नायकत्वका साथै एउटा बलियो टिम बनाएर पार्टी राजनीति मार्फत यति चाँडो सत्तामा पुग्न सफल भए त्यसरी नै खगेन्द्रले पनि एउटा बलियो र बौद्धिक टिम बनाएर अगाडि बढ्नुको विकल्प छैन । नत्र, उनी दीपक मनाङे जस्तो सत्तामा छिर्के दाउ हान्ने अवस्थामा त पुग्लान तर त्यसले दलित आन्दोलनलाई कहीं पुर्‍याउने छैन ।

तर अहिले भारतको आर्थिक उन्नतिसँगै उनीहरूको आम्दानी र सम्मान बढेको र त्यहाँ परिवारै सहित काम गर्नेहरूले महिनाको एक-डेढ लाखसम्म कमाउने गरेको सुनाए । त्यो कसरी भन्दा, त्यहाँ अहिले ठूलाठूला हाइराइज विल्डिङहरूमा

धेरै मध्यम वर्गीय परिवारहरू बस्छन् । त्यहाँ काम गर्ने चौकीदारले न्यूनतम पनि महिनाको २५ हजार तलब पाउँछ र उसको श्रीमतीले ती विल्डिङमा बस्ने परिवारहरूमा ८/१० घरमा घरायसी काम गरे भने पनि महिनाको ५०/६० हजार सजिलै कमाउने रहेछन्, यसरी श्रीमान् र श्रीमतीको तलब जोड्दा नेपाली रुपैयाँ एक लाखभन्दा बढी हुने रहेछ ।

यसरी काम गर्नेहरू अधिकांश पूर्व माओवादी लडाकूहरू रहेछन् र उनीहरू राजनैतिक रूपले अत्यन्त सजग र सक्रिय नहुने कुरै भएन । उनीहरूलाई दु:खेसो र पछुतो रहेछ, देश र जनताको लागि भनेर लडिएन मात्रै भारत हाम्रो प्रमुख शत्रु हो, उसको विरुद्ध सुरुङ युद्ध समेत गर्नुपर्छ भनेर हामीलाई उकासे र माओवादीका प्रचण्ड लगायत नेताहरू सत्तामा पुगे तर हामी पनि त्यही भारतको शहर र गल्लीहरूमा गुलामी गर्न बाध्य भइयो, यस्तै गर्नु थियो भने माओवादीमा किन लागियो भन्ने पछुतो रहेछ ।

त्यस्तोमा उनीहरूले नेपालमा सशक्त रूपमा कसैले आन्दोलन छेडेमा त्यसलाई जुनसुकै प्रकारले सहयोग पुऱ्याउने बताएका रहेछन् ।

नभन्दै मैले व्यक्तिगत रूपमा कुनै किसिमले नपत्याएको ठूलो जनसमूह असोज ३ गते माइतीघरमण्डलदेखि बानेश्वरसम्म देखियो । नेपालको दलित आन्दोलनमा त्यो रूपमा त्यो पनि काठमाडौंमा मैले आफ्नो जीवनकालमा देखेको थिइनँ । खगेन्द्रले बताए अनुसार त्यसमा सहभागी धेरै जना आफ्नै खर्चमा भारत प्रवासबाट आएका थिए ।

यी सबै कुराहरूलाई हेर्दा खगेन्द्र सुनारलाई विश्वास गरेर उनलाई साथ सहयोग दिने देश-विदेशमा एउटा ठूलो जमात दलित समुदायको रहेछ भन्ने देखियो ।

यसले दलित समुदायलाई अब सत्ताधारीहरूले सधैंको जस्तो बालीघरे बनाएर राख्ने जमाना गयो भन्ने स्पष्ट सन्देश दिएको छ, यसलाई आत्मसात् गरेर यदि पार्टीहरू सच्चिए भने ठीकै छ नत्र भने ढिलो-चाँडो दलित समुदायले आफ्नो छुट्टै राजनैतिक शक्ति निर्माण गर्नुको विकल्प छैन ।

३२ वर्षका युवा खगेन्द्र सुनार जो आफैंमा एक ओशो संन्यासी हुनाले आफ्नो बलियो नायकत्व अभियान र वक्तृत्वकलाबाट प्रमाणित गरिसके । त्यो नायकत्वलाई म सलाम गर्न चाहन्छु । तर उनको त्यो एक्लो नायकत्वले दलित समुदायलाई कहींकतै नपुऱ्याउने देख्छु ।

जसरी रवि लामिछानेले आफ्नो नायकत्वका साथै एउटा बलियो टिम बनाएर पार्टी राजनीति मार्फत यति चाँडो सत्तामा पुग्न सफल भए त्यसरी नै खगेन्द्रले पनि एउटा बलियो र बौद्धिक टिम बनाएर अगाडि बढ्नुको विकल्प छैन । नत्र, उनी दीपक मनाङे जस्तो सत्तामा छिर्के दाउ हान्ने अवस्थामा त पुग्लान् तर त्यसले दलित आन्दोलनलाई कहीं पुऱ्याउने छैन ।

अनलाइन खबरबाट

सहीरबर

फिचर/विचार/समाचार

२०८१ कात्तिक १ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

बिदामा घुम्न लायक बागमतीका पर्यटकीय क्षेत्र

○ आरपी गुरागाईं

मकवानपुर । विदामा घुम्न जाने नेपालीहरुको संख्या पछिल्लो समय बृद्धि भएको छ । अझ लामो विदाको समयमा केही हप्तादेखि महिनादिनसम्म पनि देश भित्रै घुम्न जानेहरुको संख्या बढिरहेको छ । त्यसो त घुम्नको लागि कुनै खास कुनै समय तोकिएको हुँदैन तर समय र आर्थिक अवस्था हेरेर घुम्ने ठाउँ छनोट गर्न सकिन्छ ।

काम र व्यवहारको व्यवस्थापन गर्दै घुम्न जानको लागि दशैं तथा तिहारका विदा उपयुक्त हुन सक्छ । स्कुल कलेज र कार्यालयहरुमा लामो समय विदा हुने हुँदा परिवारसहित वा साथीभाइको समूहमा समेत देश भित्र घुम्न जान सकिन्छ । नेपालीहरुको घुम्ने प्रवृत्ति बढेसँगै अन्य समयमा भन्दा दशैं तिहारको समयमा विभिन्न अफर सहितको प्याकेज विभिन्न संस्थाले ल्याएका समेत हुन्छन् ।

नेपालीहरुका घरदैलोमा दसैंसहितका ठूला चाडपर्व आइसकेका छन् । रोजगारी र काम सिलसिलामा देश विदेशमा रहेपनि दसैंमा जमघट भई रमाईलो गर्ने चलन छ । लामो समय विदा मिलेकाहरुलाई देशका विभिन्न ठाउँमा घुरेर रमाइलो गर्ने अवसर हुन सक्छ यो पटकको दसैं तिहार । परिवार र साथी भाइसहित दसैं विदामा घुम्न चहानेहरुका लागि देशभित्र अनेकौ उपयुक्त स्थानहरु छन् ।

हालैको अविरल वर्षाको कारण धेरैजसो स्थानका राजमार्ग तथा मार्गहरु अवरुद्ध भएकोमा हाल डाइभर्सन बनाई यातायात संचालन गरिएको छ । लामो विदामा तपाई पनि कहिंकतै घुम्न जाने योजनामा हुनुहुन्छ भने बागमती प्रदेश भित्रका केही स्थानहरुको यहाँ प्रस्तुत गर्दैछौं । यात्रा गर्दा सकेसम्म सडक र मौसमको पूर्व जानकारी लिएर मात्र यात्रा गर्नु उउपयुक्त हुनसक्छ ।

मकवानपुर

बागमती प्रदेशको राजधानी रहेको हेटौंडा मकवानपुरको सदरमुकाम हो । प्रदेशको एक मात्र उपमहानगरपालिका रहेको हेटौडा भित्र सहिद स्मारक, चुरिया सुरुङ, मूर्ति बगैंचा हर्नामाडी, पुष्पलाल पार्क, कुस्माङ सरोवर एवं त्रिवेणीधाम, पुन्यक्षेत्र आश्रम, तपोवन, अग्निहोत्र आश्रम, मनकामना मन्दिर, बनस्खन्डी, पाथिभरा मन्दिर एवं आसपास क्षेत्र, बनकरि या होमस्टे, वन विज्ञान अध्ययन संस्थान एवं प्राकृतिक म्युजियम, हर्नामाडी गोरक्ष ताल, चरा, माछा एवम् सिमसारको अध्ययनका लागि माछापालन केन्द्र, बृन्दावन, जुरेथुम, गुहवारी गुफा, राजमार्ग हरित पार्क नेवार पानीलगायतको स्थान रहेका छन् । यसको अलावा विभिन्न गन्तव्यका हाइकिङ रुट समेत रहेको छ । २ वा ३ दिनमा हेटौडा भित्रका यी स्थान घुमिसक्नु हुनेछ ।

मकवानपुरको एक मात्र नगरपालिका रहेको थाहा नगर पालिका क्षेत्र भित्र दामन, टिस्टुङ, सिमभन्ज्याङ जैविक क्षेत्र, दामन र टिस्टुङको बोटानिकल गार्डेन, दामन भ्यु टावर, दामनको लामोसिढी, सिम्भञ्ज्याङ्मा सूर्योदय र सूर्यास्त अवलोकन स्थल, मैत्री बगैंचा, राष्ट्रिय बिभूति पार्क, पालुङ उपत्यका, उनिउचौर, डाँडाबास क्षेत्र, गुराँस पदमार्ग, सुनगाभा पदमार्ग, कुलेखानी सर्किट, चिउरी पदमार्ग (सिलिङे) दामन- पालुङ सर्किट, चित्लाङ बाखा फारम, ऋषेश्वर मन्दिर एवम हाइकिङ मार्ग, दामन-पालुङ हाइकिङ मार्ग आदि । प्राचीन गोपाली गाउँ, विभिन्न मठमन्दिर, अशोक चैत्य, बाखाको चिज उत्पादन केन्द्र, विभिन्न होमस्टे, प्राचीन गुर्जुधारा, विभिन्न झरना, भालेश्वर महादेव, चित्लाङ भ्यु टावर, नर्वे ढुङ्गालगायतका स्थान छन् ।

मनहरी गाउँपालिकामा मनहरी पिस पार्क एवं आमा घर, रमौली जंगल सफारी, देवकोट, रानिताल, लोथर-पुन्यक्षेत्र जैविक मार्ग, चुरिया रेन्ज, बफर जोन, मित्र बगैंचा (सालक पार्क) र आसपासका क्षेत्र रहेका छन् भने मकवानपुरगढीमा ऐतिहासिक गढी दरबारक्षेत्र, मनकामना मन्दिर धादिङगढी हाइकिङ रुट, गढी (मकवानपुर गढीदेखि सिन्धुलीगढी) रुट रहेको छन् ।

बकैया गाँउपालिकामा गौतम बुद्ध पर्यटन पार्क, धनेश्वर पार्क, बकैयाठाकुर पर्यटन पार्क रहेका छन् । बागमतीमा सहिद स्मारक, झुरझुरे, गेल्मे दरबार क्षेत्र छन् । मकवानपुरको पुरानो सदरमुकाम भीमफेदी गाउँपालिकामा चिसापानीगढी, त्रिखण्डी मन्दिर, बुङ्दल झर नालगायत अन्य झरना, पाहापार्क, भीमफेदी बजार र हात्तिसार, गुराँस पदमार्ग, कुलेखानी देउराली भीमफेदी मार्ग, कालीतोप एवं बटुकभैरव मन्दिरलगायतका स्थान छन् ।

राक्सिराङ गाउँपालिकामा भिम्बुंग गुराँस पार्क, अशोक बाटिका, जलपरी झरना एवम् चमेरे गुफा, चेपाङ संग्रहालय, विभिन्न गल्छी महाभार त पर्वत शृखला, खैराङको पर्वत, शिलिङ्गे चिउरी पकेट क्षेत्र एवम् पार्क, बगैंचा, मह हाइकिङ लगायतका स्थान घुम्न पर्ने स्थान छन् । कैलाश गाउँपालिकामा कैलाश बैकुण्ठ, देखरी पर्यटन पार्क, घैराङ पर्यटन पार्क रहेका छन् । इन्द्रसरोवर गाउँपालिकामा इन्द्र सरोवर ताल र आसपासका क्षेत्र, भालेश्वर, मोहिनी झर्ना लगायतका स्थान छन् ।

मकवानपुर जिल्लाको थाहा नगरपालिका वडा नम्बर ९ मा पर्ने चित्लाङ प्राकृतिक, धार्मिक एवम् ऐतिहासिक सम्पदाले भरिपुर्ण छ । चित्लाङ गाउँमा यतिबेला जहाँ हेर्यो, त्यहीं हरियो देखिन्छ । तीनतिर सल्ला, कटुस र विविध बनस्पतीले भरिएका हरिया पहाड । बनै हरियो, मनै हरियो । हरिलो, भरीलो र झरीलो मौसममा मकवानपुरको रमणीय पर्यटकीय गाउँ चित्लाङ झन् आलोकित भएको छ ।

चित्लाङमा शुक्रवार र शनिवारको विदा मनाउन जानेहरुको चहल-पहल बढेको छ । १-२ दिन नजिकैको शान्त, सुरक्षित र रमणीय ठाउँमा जान चाहनुहुन्छ भने मकवानपुरका अन्य स्थानका मानिसका लागि चित्लाङ उत्म विकल्प समेत हो । काठमाडौ उपत्यकाबाट नजिकको अन्तव्य समेत हो चित्लाङ्ग । समुन्द्र सतहबाट १७ सय मिटर उचाइमा रहेको र मणीय गाउँ हो चित्लाङ । देशको पहिलो बाखाको दुधबाट चिज उत्पादन चित्लाङमै भएको हो । राणाकालमा भिमफेदी हुँदै काठमाडौसम्म गाडी बोकेर चित्लाङकै बाटो हुँदै लगिएको थियो । सातधारा, अशोक चैत्य, भेडा फार्म, स्वच्छन्द भैरव मन्दिर चित्लाङको आकर्णहरु हुन । चित्लाङमा सुबिधा सम्पन्न होटल, रिसोर्ट तथा होमस्टेहरु प्रसस्त छन् ।

इन्द्रसरोवर ताल

तत्कालीन राजा वीरेन्द्र शाहको पालामा विद्युत उत्पादन गर्न पानी सञ्चय गर्ने लक्ष्यले जलाशय निर्माण भएको थियो । श्री ५ युवराज्ञी इन्द्र राज्यलक्ष्मीको सम्झनामा यसको नामाकरण गरिएको हो । अहिले कुलेखानी प्रथमबाट ६९ मेगावाट कुलेखानी दोस्रोबाछ ३२ र तेस्रोबाट १४ मेगावाट विद्युत उत्पादन हुदैं आएको छ । इन्द्रसरोवर नेपालको सबैभन्दा ठूलो मानव निर्मित जलाशय हो ।

इन्द्रसरोव ७ किलोमिटर दूरीमा फैलिएको छ । इन्द्रसरोवर मौसम अनुसार रंग बदल्न सिपालु छ । वर्षा मौसममा हिले रंगमा बदलिने ताल शरद ऋतुमा पात पतिंगर कुहिएपछि लेउ लाग्दा हरियो देखिन्छ । हिउँदमा खुलेको नीलो आकाशसँगै सरोवर फेरि नीलो हुन्छ । वरिपरि माथिल्लो भेगमा बस्ती तथा तल्लो भेगमा जंगलले घेरिएको सफा नीलो पानीको यस दहले यहाँ आइपुग्ने प्राय: आन्तरिक पर्यटकलाई मन्त्रमुग्ध पार्छ । शहरी कोलाहलबाट त्यहाँ पुग्ने सबैलाई यसको शान्त अवस्थिति, परिवेश र जंलले शीतलता र शान्तिको अनुभूति गराउँछ ।

पर्यटकीय आकर्षणको केन्द्र पनि बन्दै गएको तालको पानी उपयोग गरी विद्युत् उत्पादन गरेकाले वीरगन्ज, विराटनगर, चितवन, बुटवल, पोखरालगायत क्षेत्रबाट यहाँ पर्यटक आउने गर्छन् । इन्द्रसरोवर नेपालीको जलविद्युतको लाइफलाइन मात्रै होइन एउटा सुन्दर पर्यटकीय स्थल पनि हो । यहाँ बाह्रैमहिना ढुंगा सयर गर्न पाइन्छ । जलविद्युत आयोजनाका लागि निर्मित यो सरोवर रमणीय पर्यटकीय क्षेत्रको रुपमा विकसित भइरहेको छ ।

दामन-सिमभञ्ज्याङ

मकवानपुरको थाहा नगरपालिकाको दामन तथा सिमभञ्याङ प्राकृतिक छाँटाले भरिपूर्ण छ । यहाँ हिउँदका बेला हिउँ पर्छ । त्रिभुवन राजथबाट दामन सिमभञ्ज्याङ पुग्न सकिन्छ । दामनबाट अन्नपूर्ण, मनास्लु, गणेश, लाङटाङ, दोर्जे लाक्पा, गौरीशंकर लगायत हिमाल हेर्न सकिन्छ । दुई हजार ४ सय ८८ मिटर उचाइ रहेको सिमभञ्ज्याङ र दुई हजार तीन सय २२ मिटर उचाइमा दामन रहेको छ । हेटौंडा, वीरगञ्ज, चितवन तथा काठमाडौं लगायत तराई क्षेत्रबाट दामन सिमभन्ज्याङ पुग्ने बग्रेल्ती भेटिन्छन् । दामन साइकलयात्रीको लागि पनि राम्रो गन्तव्य हो । दामनमा हाइकिङमा रमाउन चाहने पदयात्रीले सिमभञ्ज्याङदेखि देउरालीसम्म नौ किलोमिटर दूरीको लालीगुराँस पदमार्गको मजा लिन सक्छन् ।

दामनमा सुविधासम्पन्न होटल र रिसोर्ट भएकोले आरामदायी बसाइको व्यवस्था छ । दामन क्षेत्रमा बौद्ध र हिन्दुधर्मालम्बीहरुको समान आस्थाको केन्द्र ऋषेश्वर मन्दिरमा हजारौं श्रद्धालु आउँछन् । "चिसो भनेकै दामन" भनेझैं, दामन सिमभञ्ज्याङ क्षेत्र बाह्रैं महिना चिसो रहने गर्छ, धेरैजसो गर्मि याममा चिसोपनको महसुस गर्न, भारत तथा नेपालको तराई क्षेत्रका मानिसहरु दामन पुग्ने गर्छन् ।

मोहिनी झरना : नाम जस्तै पुग्नेहरुलाई मोहनी लगाउने भएर र ाखिएको झरनाको नाम मोहनी झरना जहाँ पुगेपछि हामी मोहित हुन्छौं, जहाको सुन्दर्ताले मन फुरुङ हुन्छ । प्रकृतिसंग रमाउने व्यक्तिको लागि यो गन्तव्य निकै उत्कृष्ट मानिन्छ । इन्द्रसरोवर तालको मार्खुबाट डुङ्गा चढेर यहाँ पुग्न सकिन्छ । यसका अलवा थाहानगरको दामन सिमभन्ज्याङ घुम्न पुगेका पर्यटकहरु पनि दामन हुँदै यस झरनामा पुग्न सक्छन् भने चित्लाङको टौखेल नजिकैको शेरा बाट पनि यहाँ पुग्न सकिन्छ ।

सौराहा : चितवनको सौराहा पर्यटकीय गन्तव्य हो । थारु संस्कृतिको अवलोकन, साँझ राप्ती र नारायणी नदीको दोभानमा सुर्यास्तको दृश्य, अनि जंगलसफारीका लागि प्रख्यात छ चितवन । यतिमात्र नभएर चराचुरुङ्गी अवलोकनाका लागि पनि चितवन उपयुक्त गन्तव्य हुन सक्छ । यो ठाउँ मयुर, च्याखुरा, पानी हाँस र चखेवाको वथानसहित अन्य चराहरुको बसोबासको थलो हो । शान्त र राष्ट्रिय निकुन्ज नजिकै भएकाले पनि यहाँ बाघसमेत हेर्ने मौका मिल्न सक्छ ।

चितवन स्वदेशी विदेशी दुवै खालका पर्यटकका लागि प्रख्यात छ । चितवनमा हरेक वर्ष आन्तरिक पर्यटकको आगमन पनि बढिरहेको छ । आन्तरिक र बाफय पर्यटकको आगमनमा बृद्धि हुने क्रम जारी रहेपछि चितवनमा करोडौंको लगानीमा सुविधासम्पन्न होटल बनेका छन् । ६० भन्दा माथि होटल लज रहेको सौराहामा १ हजार देखि ७ हजारसम्ममा रुम उपलब्ध हुन्छ बास बस्नेहरुको लागि। बढी तीन दिन समय निकालेर घुम्न आउनेका लागि चितवन उपयुक्त स्थान हुन सक्छ ।

भोटेकोशी र त्रिशुलीमा च्याफटिङ

साहसिक जलायात्रा च्याटिङका लागि नेशनल जोग्राफी च्यानलले विश्वका दशौं उत्कृष्ट गन्तव्यमा भोटेकोशीलाई पनि राखेको छ । पछिल्लो समय भोटेकोशीमा जलयात्रा गर्ने आन्तरिक पर्यटकको संख्या पनि बढिर हेको छ । छुट्टीको समयमा त्रिशुली र भोटेकाशी नदीमा च्याफटिङ गर्न आउने क्रम बढेको छ । यी नदीमा बढीमा दुई दिने प्याकेजको व्यवस्था व्यावसायीहरुले गरेका छन् । भोटेकोशी र त्रिशुलीमा दिनभरी च्याफ्टिङ गरेर साँझ आरम गर्न पनि सकिने व्यवस्था समेत छ ।

माथिल्लो भोटेकोशी र तल्लो भोटेकोशीमा च्याटिङको व्यवस्था गरिएको छ । च्याटिङका लागि माथिल्लो भोटेकाशी तल्लो भन्दा साहसिक मानिन्छ । माथील्लो भोटेकोशीमा च्याटिङ गर्दा केही अठ्यारा भंगालाहरु भएकाले कम अनुभवीलाई तल्लो भोटेकोशी उपयुक्त छ । माथिल्लो भोटेकोशी २० किलोमिटरको रेको छ भने तल्लो भोटेकोशी १२ किलोमिटरको छ ।

त्रिशुलीमा नदिमा परिवारसहित च्याटिङ गर्न सकिन्छ । त्रिशुलीमा विद्यार्थी र अन्य आन्तरिक पर्यटकहरु च्याटिङका लागि आउने गरेका छन् । राजधानीबाट नजिकै र पहिलो पटक च्याटिङ गर्नेलाई पनि यो नदि च्याटिङका लागि उपयुक्त भएको व्यावसायीहरुको भनाई छ ।

रसुवा

रसुवा जिल्ला पर्यटकीय तथा व्ययापरिक हिसावले महत्वपूर्ण क्षेत्र हो । नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतको सीमा क्षेत्रमा रहेको र सुवागढी समुद्र सतहदेखि करिब ६००० फिटको उचाइमा अवस्थित छ । पर्यटन गन्तव्यको हिसाबले यो जिल्ला अघि रहेको छ । ऐतिहासिक, पर्यटकीय महत्वको रुपमा गोसाईकुण्ड, ट्रेकिङका लागि लामलाङ क्षेत्र, नाग्थली, पार्वति कुण्ड र रसुवागढी रहेका छन् । काठमाडौंको सबैभन्दा नजिक पर्ने तिब्बततर्फको व्यापारिक नाका हो । यहाँबाट तिब्बततर्फको केरूङ बजार जान सकिन्छ ।

रसुवाको बाहिरबाट हेर्दा सानो र जीर्ण देखिने गुम्बाको भित्री भाग निकै आकर्षक र सुन्दर छ । वरीपरी हिमालको वीचमा हिउँले ढाकिएको बस्ती । बस्ती नजिकै मन शान्त बनाउने ७ सय वर्ष पुरानो आकर्षक गुम्बा । ऐतिहासिक तथा धार्मिकरुपमा धेरै महत्व भएपनि गुम्वा भने जीर्ण अवस्थामा रहेको छ । यो गुम्वामा बौद्ध धर्मावलम्बीहरुको गहिरो आस्था छ ।

नेपालमा आउने विदेशी पर्यटकहरुको तेस्रो रोजाईमा पर्छ लाङटाङ पदयात्रा । पर्यटकको रोजाईमा सगरमाथा र अन्नपूर्ण पदयात्रा पछि पर्छ, लाङटाङ पदयात्रा । हिमाली जनजीवन र हिमालको मनोरम दृश्यका लागि चर्चित छ, लाङटाङ पदयात्रा । त्यतिमात्र होइन, दूर्लभ हिमाली जन्तुहरुको मूख्य बासस्थलका रुपमा पनि परिचित छ, रसुवाको लाङटाङ क्षेत्र ।

चारहजार मिटर उचाईको क्यानजेन भ्याली रसुवाको अन्तिम गाउँका साथै पदयात्राको अन्तिम विन्दू पनि हो । जहाँबाट लाङटाङ हिमाल आँखा अगाडि मुस्काइरहेको हेर्न पाइन्छ ।

काठमाडौंबाट क्यानजेन भ्याली हुँदै पुन काठमाण्डौ आउन १० दिनको समय उपयुक्त हुन्छ । काठमाडौं देखि रसुवा सदरमुकाम धुन्चेसम्म बसको यात्रा पछि पैदलयात्रा सुरु हुन्छ । धुन्चेदेखि पाँच दिनको पैदलयात्रा पछि पुग्न सकिन्छ क्यानजेन भ्याली । पैदलयात्रामा पहाडी उकालो छिचोल्दै पाँचौ दिनमा बास बस्न क्यनजेन भ्याली पुगिन्छ ।

दोलखा कालिञ्चोक

रसुवाको कालिञ्चोक भगवती मन्दिर समेत घुम्न तथा धार्मिक पर्यटनको लागि उपयुक्त स्थानमा पर्ने गरेको छ । जति उकालो चढेपनि नपुगिने । हेर्दा नाक ठोकिएला जस्तो ठाडो उकालो । उकालोबाट उभो हेर्दा शिरको टोपी नै खस्ला भन्ने पिर । उकालो नकाटुन्जेल कतिखेर कालिञ्चोक पुगिएला भन्ने चिन्ताले सताउँछ । ठाडो उकालो काटेपछि जब कालिञ्चोक भगवती मन्दिर पुगिन्छ त्यसपछि सारा थकान कहाँ जान्छ, पत्तै पाइन्न । उचाईमा भएकाले यहाँ जाने क्रममा कतिपयलाई लेक लागेर समस्या हुन पनि सक्छ ।

कालिञ्चोक मन्दिर परिसरबाट देखिने चाँदीका लहर टल्काएर ठडिएका हिमालका मनोरम दृश्य देखेपछि जो कोहीले सबै दुख भुल्दछ । करिब चार हजार मिटर उचाईमा अवस्थित दोलखाको कालिन्चोक भगवती हिन्दू र बौद्ध धर्मावलम्बीहरुको गन्तव्यस्थलका रुपमा परिचित छ । गुराँस फुल्ने मौसममा यहाँको जंगलै रंगिएको हुन्छ । कुरीसम्म यात्रु र भक्तजनहरुलाई बास बस्न तथा खानपानको व्यवस्था छ । कुरीभन्दा *बाँकी पेज ५ मा*

२०८१ कात्तिक १ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

बिदामा घुम्न लायक बागमतीका..

माथि करिब एकघण्टाको यात्रापश्चात पुगिने कालिन्चोक भगवती मन्दिर परिसरबाट लाङटाङ हिमालको मनोरम दृश्य देख्न सकिन्छ ।

काठमाडौ उपत्यकाका भित्र

काठमाडौं : पर्यटकको पहिलो गन्तव्य काठमाडौँलाई खुल्ला सग्रहालयको रूपमा नै लिन सकिन्छ । काठमाडौँमा घुम्नको लागि विश्वसम्पदा सूचीमा परेका ७ वटा सम्पदाहरू रहेका छन् । यसले काठमाडौँ शहरलाई विश्वप्रसिद्ध शहरको रूपमा चिनाएको छ । यो नेपालको राजधानि हो यस ठाउँ भएर देशका विभिन्न पर्यटकीय स्थलहरुमा जाने गरिन्छ ।

यस ठाउँको प्रमूख तीर्थधामको रुपमा पशुपतिनाथ, गुहेश्वरी, स्वयम्भू, बौद्ध, बुढानिलकण्ठ, दक्षिणकाली, हनुमानढोका, गोकर्ण, टेकू, शालिनदी आदि हुन । यो ठाउँ प्राचीन कला, कौशल, संस्कृति, सभ्यता एवं ऐतिहासिक श्रोतको भण्डार पनि हो । देशको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल यसै क्षेत्रमा रहेको छ । आन्तरिक तथा वाह्य पर्यटकका लागि यो क्षेत्र पहिलो गन्तव्यको रुपमा रहेको छ । यहाँ घुम्नको लागि नागार्जुन, शिवपुरी, चन्द्रागिरी र किर्तीपुर उपयुक्त स्थान हुन ।

भक्तपुर : भक्तपुर जिल्ला एक धार्मिक, साँस्कृतिक, पूरातात्त्वितक तथा पर्यटकीय जिल्ला हो । ऐतिहासिक तथा सास्कृतिक रुपमा अब्ल रहेको भक्तपुर आन्तरिक तथा वाह्य पर्यटकका लागि घुम्नलाई उपयुक्त गन्तव्य हो । भक्तपुर जिल्लामा भक्तपुर दरबार, नगरकोट, चाँगुनारायण मन्दिर, सूर्यविनायक मन्दिर, ठिमि दरबार क्षेत्रको पानोरोमिक, भुपति मल्लको शालिक, पचपन्न झ्याले दरबार, भैरवनाथ मन्दिर पर्यटकीय गन्तव्य हुनु ।

ललितपुर : ललितपुर एक ऐतिहासिक तथा पर्यटकीय क्षेत्र हो । यहाँ पर्यटनको लागि घुम्ने स्थानहरु धेरै छन् । यस जिल्लामा घुम्नको लागि नजिको स्थल भनेको गोदावरी पार्क हो । यसका अलवा लाकुरी भन्ज्याङ बाट विहान को उदाउदो सूर्य तथा साझँको अस्ताउदो सूर्यको दृश्य हेर्ने सकिन्छ । काठमाडौँ उपत्यकाको भ्यू हेर्नको लागि यस स्थानमा टावर निमार्ण गरिएको छ । अर्को पर्यटकीय स्थल हो फुल्चोकीको डाडाँ यहाँबाट पनि दृश्यावलोकन गर्न सकिन्छ । विशेष रुपमा यो ललितपुरको सबैभन्दा अग्लो स्थान हो । यहाँ भ्यु टावर नभएपनि उपत्यकाको र हिमशृंखलाको र म्रोसँग अवलोकन गर्न सकिन्छ ।

यस्तै अर्को पर्यटकीय स्थल हो नल्लुको लभडाँडा र पाथीभराबाट पनि काठमाडौं उपत्यकाका हिमशृंखलाको अवलोकन गर्न सकिन्छ । यस्तै, दलचोकी अर्को यस्तो स्थान हो, जहाँबाट उत्तरतर्फ लहरै हिमशृंखला देख्न सकिन्छ । काठमाडौं उपत्यकाको दृश्यपान गर्न सकिने यस स्थानबाट दक्षिणतर्फ तराईको रौतहटदेखि वीरगन्जसम्म देख्न सकिन्छ । यो ललितपुर को सबैभन्दा उपयुक्त दृश्यावलोकन स्थल हो ।

चन्द्रागिरि: समुद्र सतहबाट दुई हजार ५ सय मिटरमा रहेको चन्द्रागिरि डाँडा भौतिक सुविधासम्पन्न पर्यटकीय गन्तव्यका रूपमा अहिले विकास भइसकेको छ । चन्द्रागिरि जानको लागि काठमाडौंको थानकोटदेखि केबुलकार को सुविधा उपलब्ध छ । यतिमात्र होइन, थानकोटबाट पदयात्रा गरेर पनि चन्द्रागिरिसम्म पुग्न सकिन्छ ।

विशेषगरी चन्द्रागिरि धार्मिक पर्यटन, दृश्यावलोकन र ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण छ। चन्द्रागिरि डाँडामा भालेश्वर महादेवको मन्दिर पनि रहेको छ। नेपाल एकीकरणको क्रममा पृथ्वीनारायण शाहले पहिलो पटक चन्द्रागिरि डाँडाबाट काठमाडौं उपत्यकालाई नियालेको इतिहास छ । उपत्यकाको दृश्यावलोकनका लागि चन्द्रागिरि राम्रो गन्तव्य हो, जहाँ सुविधा सम्पन्न होटलसमेत रहेको छ ।

नगरकोट : काठमाडौंबाट करिव ३५ किमीको दूरीमा रहेको नगरकोट भक्तपुर जिल्लामा रहेको छ । रमणीय स्थल नगरकोट प्राकृतिक रुपले समेत सुन्दर छ । त्यसैले पनि धेरैको रोजाइमा पर्ने गरेको छ । समुद्री सतहदेखि २ हजार ७५ मिटर उचाइमा रहेको नगरकोटमा गर्मी मौसममा पनि चिसो वातावरण हुने गर्छ । राजधानीको भीडलाई छलेर मानिसहरु नगरकोट पुग्छन् ।

नगरकोटबाट मौसम सफा भएको बेला उत्तरमा मनमोहक हिमालयका चुचुराहरूका साथै विश्वको सर्वोच्च शिखर सगरमाथाको रोमाञ्चक दृश्य पनि हेर्न सकिन्छ । यहाँ अत्याधुनिक होटेल-रिसोर्ट तथा होमस्टेको समेत सुविधा रहेको छ । त्यसैले परिवार तथा साथीभाईसँग रमाइलो गर्न नगर कोट जान सकिन्छ ।

फुलचोकी: समुद्र सतहबाट २ हजार ७ सय ६२ मिटरको उचाइमा रहेको फुलचोकी काठमाडौं उपत्यकालाई घेरेर राखेका पहाडमध्ये सबैभन्दा अग्लो चुचुरो हो । फुलचोकी ललितपुर जिल्लाको प्रसिद्ध पर्यटकीय स्थल हो । यो ठाउँ काठमाडौंदेखि करिब १० किलोमिटर दक्षिण पूर्वमा अवस्थित छ ।

फूलचोकीबाट प्राकृतिक दृश्यावलोकन साथै तराईका समथर फाँटदेखि उत्तरका गगनचुम्बी हिमालहरुको दृश्यावलोकन गर्न सकिन्छ । त्यहाँको अर्को आकर्षण वनस्पति तथा वन्यजन्तुहरू पनि हुन् । फूलचोकीमा हिउँदको समय हिउँ खेल्नका लागि आन्तरिक तथा बाह्य पर्यटकहरु जाने गरेका छन् । त्यहाँ फूलचोकी माईको मन्दिर पनि छ ।

शिवपुरी : समुद्री सतहबाट २ सय ५ सय ६३ मिटर उचाइमा अवस्थित शिवपुरी डाँडा काठमाडौं उपत्यकाको दोस्रो अग्लो चुचुरो हो । काठमाडौंको उत्तरमा पर्ने शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जभित्रको शिवपुरी डाँडामा अहिले धेरैको गन्तव्य स्थान बनेको छ ।

बूढानीलकण्ठको पानीमुहानबाट निकुञ्ज प्रवेश गर्दै शिवपुरी डाँडा जान सकिन्छ । घना वनमा उकालो यात्रा गर्दै शिवपुरी डाँडा पुगेपछि हिमशृखलाको सुन्दर दृश्य साथै काठमाडौं उपत्यकाको मनोरम दृश्य देख्न सकिन्छ । यहाँ पारिवारिक सुविधासम्पन्न होटेल, रिसोर्ट तथा होमस्टेको सुविधा रहेको छ ।

सुन्दरीजल : काठमाडौंभित्र पर्ने अर्को घुम्न लायक गन्तव्य हो सुन्दरीजल । नाम जस्तै सुन्दर छ यो ठाउँ । काठमाडौंभन्दा अलिक माथि पर्ने यस ठाउँको वातावरणमा भरपुर आनन्द लिन सकिन्छ । प्रकृतिको रमणीय काखमा रहेको यस ठाउँलाई धेरैले आनो घुम्ने गन्तव्य बनाएका छन् ।

सुन्दरीजल पारिवारिक घुमघामका लागि राम्रो मानिन्छ । यो ठाउँ निकै व्यस्त हुने गर्छ । राजधानीबाट करिब १५ किलोमिटर दूरीमा रहेको यो ठाउँमा जानेहरूका लागि खान, बस्न र दिन बिताउनका लागि उचित सुविधायुक्त होटल, रिसोर्ट तथा होमस्टेहरु उपलब्ध छन् ।

लाँकुरी भञ्ज्याङ: ललितपुरमा रहेको लाँकुरी भञ्ज्याङ उपत्यकाको दृश्यावलोकन र सगरमाथा हिमश्रृखला, गणेश हिमाललगायत हिमालहरु अवलोकनका लागि परिचित छ। साथै लाँकुरी भञ्ज्याङबाट उपत्यकाका तीनवटै शहरको विहंगम दृश्य देख्न सकिन्छ ।

चक्रपथबाट १३ किलोमिटर दूरीमा रहेको लाँकुरी भन्ज्याङ उत्कृष्ट पर्यटकीय गन्तव्यका रुपमा चिनिँदै गएको छ । सल्ला, कटुस र लालीगुराँसको वन हुदै लाँकुरी भन्ज्याङ पुगिन्छ । प्यारागलाइडिङ गर्न र सूर्योदय हेर्न पनि लाँकुरी भञ्ज्याङ उपयुक्त छ। यहाँ होटल, रिसोर्ट तथा होमस्टेहरु पनि प्रसस्तै छन् ।

गोदावरी: ललितपुरमा पर्ने गोदावरी चक्रपथको सातदोबाटो चोकबाट ७ किलोमिटर दूरीमा रहेको रहेको छ । गोदावरी प्राकृतिक सौन्दर्यतामा र माउन चाहनेका लागि उत्तम गन्तव्य हो । ढकमक्क फुलेका फूल, विभिन्न जडिबुडी र वनस्पति उद्यान, जल उद्यान, बगैंचा र जंगलले घेरिएको यो स्थान प्राकृतिक सौन्दर्ययुक्त छ । गोदावरीमा स्वच्छ र स्फूर्ति प्रदान गर्ने हावा बहन्छ । पिकनिक र पारिवारिक रिफ्रेसका लागि गोदावरी उपयुक्त छ । जैविक विविधताको भण्डार र खुला संग्रहालयका रुपमा रहेको त्यस क्षेत्रमा बस्नको लागि आरामदायी होटल, रिसोर्ट तथा रेस्टुरेन्टको पनि सुविधा छ।

नुवाकोट दरबार: ऐतिहासिक तथा पर्यटकीय क्षेत्र हो नुवाकोटको साततले दरवार । यो दरबारको उचाइ ७५ फिट, लम्बाई ५० फिट र चौडाइ करिब ३९ फिट रहेको छ । धातुको छाना भएको यो दरबारका अरु सामग्री तेलिया इँटा र काठमा शूक्ष्म र विस्तृत कलात्मक शैलीमा कुँदिएको छ । झ्याल, ढोका, थाम, निदाल, दलिन, टुँडाल आदि काठबाट बनेका छन् ।

काष्ठकलामा भएको मार्मिकताले दरबारको सुन्दरतालाई मात्र बढाएको छैन, पुरातत्वको एउटा अनुपम उदाहरण पनि बनेको छ । दरवार परिसर करिब ९ सय ७० मिटर उचाईमा रहेको छ । जुन कारण दरवार परिसर प्राकृतिक भ्यु-टावर पनि बनेको छ । यहाबाट रानीपौवा, थानसिंङ फाट, ढिकुरेफाट, विदुर बजार, पिपलटार, बट्टार, सामरी भञ्ज्याङ, खड्क भञ्ज्याङ, जिलिङ लगायत दर्जनौ गाउँ र बस्तीहरु अवलोकन गर्न सकिन्छ । जुन गाउँ र भञ्ज्याङको बिचमा बग्ने त्रिशूली र तादी खोलाले सिगार दिएको छ । यहाँ पुग्न सरदमुकाम विदुरबाट ५ किलोमिटर नागवेली उकालो मोटरमा यात्रा गरेपछि नुवाकोट साततले दरवार पुगिन्छ ।

नुवाकोटको ककनी: नुवाकोट जिल्लामा पर्ने ककनी काठमाडौं नजिकैको पर्यटकीय स्थल हो । काठमाडौंबाट ३२ किलोमिटर उत्तरतर्फ पर्ने ककनी ट्राउट माछाको स्वाद लिन चाहनेका लागि उत्तम हुन सक्छ । ककनी स्ट्रबेरीका लागि पनि प्रख्यात मानिन्छ ।

धेरैजसो मानिस ककनीसम्म पिकनिक मनाउन पुग्छन् । ककनीमा रात्री बसाइका लागि पनि सुविधायुक्त होटलहरू छन् । हरियाली वातावरण भएको ककनी धेरैको रोजाइमा पर्न सक्ने गन्तव्य हो । यहाँ स-साना उद्यान तथा हरियाली डाँडाहरू छन् । यस्तै दक्षिणमा सिम भन्ज्याङ र दामन, पूर्वमा काठमाडौं उपत्यका, उत्तरमा गणेश हिमाल र थानसिंह फाँटको मनोरम दृश्य ककनीबाट देख्न सकिन्छ । समुद्र सतहबाट २ हजार २ मिटरको उचाइमा रहेको ककनी हरियाली वातावरणका कारण घुम्नका लागि उपयुक्त मानिन्छ।

काभ्रेको धुलिखेल : उपत्यकामा बस्नेहरुका लागि धुलिखेल अर्को गन्तब्य हो । होटेल-रिसोर्टको राम्रो सुविधा रहेको धुलिखेल सबै प्रकारका पर्यटकलाई सुविधा दिन सक्ने क्षमता राख्छ । धुलिखेल पर्याप्त पूर्वाधारका साथै मनोर म दृश्यले भरिपूर्ण छ।

महँगा होटेलदेखि आमसर्वसाधारणले समेत यहाँ बिदा मनाउन सक्छन् । यो ठाँउ परिवारिक घुमघामका लागि राम्रो मानिन्छ । सार्वजनिक यातायातको सुविधा उपलब्ध हुने धुलिखेल परिवारका साथ जाने मानिसका कारण सबै मौसममा व्यस्त देखिन्छ ।

नेवार जातिको परमपरागत प्राचीन बस्ती तथा हिमशृखलाको मनोरम दृश्य देख्न सकिने बागमती प्रदेशको काभ्रे जिल्लामा अवस्थित धुलिखेल एक पर्यटकीय गन्तव्य हो । धुलिखेलबाट पूर्व केरियोलुङ र पश्चिममा हिमालचुलीका हिमशृखलाको मनोरम दृश्य देख्न सकिन्छ । काठमाडौंदेखि ३० कि.मि. पूर्वमा रहेको धुलिखेलमा हजारसिढि, पातलेखेत, पलाञ्चोक, नववुद्ध पर्यटकीय क्षेत्र हुन । यहाँ जानकोलागि काठमाडौंको र त्नपार्क बसपार्कबाट बिहान देखि साझ ६ बजे सम्म गाडि चढेर जान सकिन्छ ।

चिसापानी: चिसापानी काठमाडौं, सिन्धुपाल्चोक र नुवाकोट जिल्लाको सिमाना जोडिएको छ । काठमाडौं उपत्यकाबाट नजिकै भएकाले आन्तरिक र बाह्य दुवै थरिका पर्यटक चिसापानीमा पुग्ने गर्दछन् ।

वरिपरिका डाँडा देखिने रमणीय अग्लो स्थानमा रहेको चिसापानी समुद्री सतहबाट २ हजार २ सय मिटरमा पर्दछ । पर्यावरणीय सम्पदाले सुसज्जित र हिमश्रृखलाले घेरिएको यस क्षेत्रमा पुग्ने जो कोहीको मन प्रफुल्लित भएर आउँछ ।

सगरमाथा, माछापुच्छे, गौरीशंकर, अन्नपूर्ण, लाङटाङ, गणेश हिमालको दृश्यावलोकन गर्न सकिने यहाँ बाट एकैदिनमा पनि काठमाडौं फर्कन सकिन्छ। एक रात बास बस्ने हो भने सुविधायुक्त होटलहरू छन्। आनो समयलाई स्मरणीय बनाउन चिसापानी अब्बल गन्तव्य हो। सूर्योदय र सूर्यास्तको मनमोहक दृश्यावलोकनका लागि पनि चिसापानी उत्तिकै प्रख्यात छ।

सिन्धुली गढी : पर्यटकहरु जहिले पनि नयाँ कुरा र ठाउँमा आकर्षित हुन्छन् । आफुले नदेखेको ठाउँ पुग्ने पर्यटकहरुको इच्छा हुन्छ । कतिपय अवस्थामा पर्यटकहरुलाई कुनै ठाउको बारेमा बनाइएको गीत अथवा कुनै लेखकले लेखेको लेख र पुस्तकले पनि पर्यटकहरुलाई ती ठाउँमा घुमफिर गर्न मन लाग्छ ।

पर्यटनको लागि अन्तव्यको रुपमा रहेको सिन्धुली जिल्लाको सिन्धुली गढी ऐतिहासिक गढी यो । यहाँ बाट गढीको साथै तराईको मनोरम फाँट र उत्तरका हिमालको रमणीय दृश्य पनि हेर्न पाईन्छ । यहाँ पूर्खाको विरताको इतिहास हेर्न र गर्मी छल्न धेरै जसो आउने गर्दछन । यस ठाउँमा जानको लागि काठमाण्डौको कोटेश्वरबाट जिप, भ्यान, हाइस वा बस जान्छ । वीपी राजमार्गको सोलाभञ्ज्याङबाट गढी पुग्ने बाटोलाई स्तरीकरण गरिएको छ । अहिले सिँढी उक्लिएर १० मिनेटमा र आफ्नै सवारी साधन भए ५ मिनेटमा गढी पुग्न सकिन्छ ।

धादिङको रुवी भ्याली: धादिङ जिल्लाको उत्तरी क्षेत्रमा रहेको रुवी भ्याली पर्यटन गन्तव्यका लागि उपयुक्त रहेको छ । तपाईसंग लामो विदाको समय छ भने एक पटक पुग्नुहोस । यो ठाउँ प्राकृतिक, धार्मिक, सास्कृतिक, साहसिक हिसावले निकै महत्वपूर्ण क्षेत्र हो । विशेष रुपमा यस ठाउँ ट्रेकिङ गर्नका लागि उपउक्त छ । आँखै अगाडि टल्क टल्कने गणेश हिमाल तथा वरिपरि देखिने जल,जंगल ले यस ठाउँमा आउनेको मन नै परिवर्तित गराउँछ ।

सिन्धुपाल्चोक पाँचपोखरी : जुगल हिमालको फेदमा एकै ठाउँ पाँचवटा पोखरी ।सिन्धुपाल्चोक भोटाङमा अवस्थित समुद्री सतहबाट करीव ४ हजार ६० मिटरमा उचाइमा रहको छ यो ताल । नीलो आकाश र त्यसका बादलको प्रतिविम्बले पोखरीहरू आकर्षक देखिन्छन् ।

पाँचपोखरी ताल सुन्दरताका हिसाबले मात्रै नभएर धार्मिक हिसाबले पनि उत्तिकै प्रख्यात छ । जनै पूर्णिमाका दिन यो ताल आसपासमा ठुलो मेला लाग्ने गर्छ ।मेलम्ची बजारदेखि तीन दिनको पैदल यात्रा गरेपछि पाँचपोखरी पुग्न सकिन्छ ।

सिन्धुपाल्चोकको भोटेचौर: 'मिनी इलाम' को उपनामले चिनिएको भोटेचौरको चियाबगान धेरैको रोजाइमा पर्छ । प्राकृतिक सौन्दरयतामा र माउन मात्र होइन, तस्विर खिचेर आनन्द लिन समेत सिन्धुपाल्चोकको भोटेचौर उपयुक्त स्थान हो । पारिवारिक घुमघामका लागि राम्रो मानिन्छ ।

चावहिलबाट ३८ किलोमिटर टाढा रहेको भोटेचौरमा सुविधायुक्त होटल तथा रिसोर्टहरू पनि छन् ।

यहाँ प्रस्तुत गरिएका बाहेक समेत बागमती प्रदेशमा अन्य धेरै स्थानहरु घुम्न लायक छन् जुन विदाको लागि उपयुक्त हुन सक्छ । सामाजिक संजालबाट समेत धेरै कुरा जानकारी पाउन सकिने अहिलेको समयमा पर्यटकीय स्थलको पहिचान गरी विदाको समय सदुपयोग गर्न घुम्न जान सकिन्छ ।

घुमौं रमाऔं र पर्यटन प्रवर्द्धनमा टेवा पुर्याऔं । पहिले देश घुमौं र पछि विदेश घुमौं । तर मौसमी तथा सडक तथा यातायातको अवस्थालाई ख्याल गर्दै घुमघामको समय तय गर्न अहिलेको समयमा राम्रो हुन्छ ।

प्रदेश प्रहरी कार्यालयले ६९ औं प्रहरी दिवस मनायो

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा, बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक कृष्ण हरि शर्मासहित ४१ जना पुरुष र ४ महिला कर्मचारीले रक्तदान गरे

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले ६९ औं प्रहरी दिवस, २०८१ विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ ।

कार्यालयले मंगलबार र बुधबार दुई चरणमा विभिन्न कार्यक्रम गरी दिवस मनाएको हो । प्रहरी दिवस कार्यक्रममा बागमती प्रदेश मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश सरकारको स्थापनासँगै प्रदेशको शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारीमा प्रदेश प्रहरीले काम गर्दै आइरहेको बताए । "प्रदेश प्रहरीलाई प्रभावकारी एवम् व्यवस्थित बनाउन सरकारले अभिभावकको भूमिका निर्वाह गर्दै आइरहेको छ" उनले भने ।

यसैगरी बागमती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री सुरज चन्द्र लामिछानेले प्रहरीको साहस, लगनशीलता र समर्पणले नै सबैको हरेक क्षण सुरक्षित भएको बताए । "निलो पोशाकलाई सम्मान गर्दै विभिन्न चुनौतिको सामना, हरेक परिवर्तनको साक्षि, सशस्त्र द्वन्द, असहज परिस्थिति, प्राकृतिक विपद्, दुर्घटनामा पनि नागरिक सेवामा समर्पित रहदैं सदैव अग्रपक्तिंमा रहि मुस्कान सहितको सेवा दिदै अहोरात्र खटिरहने प्रहरी संगठनलाई बागमती प्रदेश सरकारको निरन्तर सहयोग र समन्वय रहि रहनेछ" उनले भने ।

बागमती प्रदेश प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक कृष्ण हरी शर्माले प्रदेशको शान्ति सु-व्यवस्थालाई मजबुत बनाउने कार्यमा बागमती प्रदेश सरकारबाट सहयोग भइरहेको बताए ।

प्रहरी दिवस कार्यक्रमको पहिलो दिन मंगलबार श्रद्धाञ्जली कार्यक्रम र मृतक प्रहरीका परिवारलाई



सम्मान कार्यक्रम गरी दिवस मनाइएको थियो ।

यसैगरी बुधबार विभिन्न विधामा उत्कृष्ट हुने, खेलकुद कार्यक्रममा उत्कृष्ट हुनेहरु र पुर्व प्रहरीलाई पुरस्कृत गरिएको थियो ।

उत्कृष्ट अनुसन्धानकतातर्फ काभ्रेस्थित इलाका प्रहरी कार्यालय मंगलटारका प्रहरी निरीक्षक कृष्ण गिरी, उत्कृष्ट विपद् व्यवस्थापकतर्फ जिल्ला प्रहरी काभ्रेका प्रहरी उपरीक्षक बसुन्धरा खड्का र काभ्रे जिल्लास्थित ईलाका प्रहरी कार्यालय देविटारका प्रहरी हवल्दार शम्भु बोहरा पुरस्कृत भए ।

यसैगरी पुरस्कृत हुनेहरुमा उत्कृष्ट प्रहरी कार्यतर्फ हेटौंडास्थित प्रहरी चौकी रातोमाटेका प्रहरी हवल्दार सुरेन्द्र साह, उत्कृष्ट वाह्य प्रशिक्षकको रुपमा बागमती प्रदेश प्रहरी तालिम केन्द्र दुधौलीका प्रहरी सहायक निरीक्षक कर्ण बहादुर तामाङ र उत्कृष्ट प्राविधिक जिल्ला प्रहरी कार्यालय काभ्रेमा कार्यरत प्रहरी सहायक निरीक्षक नवराज काकी रहेका छन् ।

यस्तै नेपाल प्रहरी कार्यदक्षता मूल्याङ्कन २०८१ मा जिल्ला प्रहरी कार्यालय सिन्धुलीको नागरिक सहायता कक्षको उत्कृष्ट व्यवस्थापन गर्ने प्रहरी उपरीक्षक गोविन्द राज काफ्ले र सिन्धुलीको गोलन्जोर गाउँपालिका-७ स्थित नेपाल प्रहरी संगठनको सेवा प्रवाहलाई सरल, सहज र प्रवाहलाई प्रभावकारी बनाउन पुऱ्याएको योगदानको कदर गर्दै रवि आचार्यलाई प्रशंसा पत्र प्रदान गरिएको छ ।

नेशनल गोल्ड टेलिभिजन हेटौंडाका प्रबन्ध निर्देशक उज्वल चौलागाई, टिम टिभी हेटौंडाका प्रमुख रामशरण दुलाल, सिन्धुलीका पूर्वप्रहरी निरीक्षक राम बहादुर हायू र मकवानपुरका पूर्व प्रहरी सहायक निरीक्षक रामसिंह तामाङलाई कदरपत्रद्वारा सम्मानित गरिएको छ ।

यस्तै बागमती प्रदेश प्रहरीस्तरीय फूटबल, भलिबल, टेवलटेनिस, क्रिकेट, बास्केट बल, डोरीतान र ब्याडमिन्टन प्रतियोगितामा प्रथम तथा द्वितीय हुने प्रहरी कर्मचारीहरुलाई पुरस्कार वितरण गरिएको छ । यसैगरी प्रहरी दिवसको अवसरमा भएको रक्तदान कार्यक्रममा ४५ जनाले रक्तदान गरेका छन् । उक्त कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामासहित ४५ जनाले रक्तदान गरेका थिए । बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक कृष्ण हरि शर्मासहित ४१ जना पुरुष र ४ महिला कर्मचारीले रक्तदान गरेका हुन् ।

हेटौंडाको कीटजन्य रोग नियन्त्रण केन्द्रको स्तरोन्नति गर्न स्वास्थ्यमन्त्रीको आग्रह

○ सहीखबर संवाददाता

मकवानपुर । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले हेटौंडास्थित विश्व स्वास्थ्य संठन (डब्लुएचओ) को कीटजन्य रोग नियन्त्रण अनुसन्धान तथा तालिम केन्द्रको स्तरोन्नति गरी क्षेत्रीय अनुसन्धान केन्द्रका रूपमा विकास गर्न आग्रह गरेका छन् ।

जर्मनीको बर्लिनमा आयोजित विश्व स्वास्थ्य शिखर सम्मेलनमा सहभागी हुन त्यहाँ रहेका उनले डब्लुएचओका महानिर्देशक डा टेड्रोस गिब्रिएसस्सँगको भेटमा यस्तो आग्रह गरेका हुन् । मन्त्री पौडेलले नेपाल मात्र नभएर दक्षिणपूर्वी एसियाकै अनुसन्धान केन्द्रका रूपमा विकास गरी लाभ लिन सकिने भन्दै यसका लागि गर्नुपर्ने सहजीकरणका लागि नेपाल सधैं तयार रहेको बताए ।

जवाफमा महानिर्देशक टेड्रोसले नेपालले संगठनको स्वास्थ्य लक्ष्य पूरा गर्न महत्वपूर्ण योगदान दिएको चर्चा



नेपाल मात्र नभएर दक्षिणपूर्वी एसियाकै अनुसन्धान केन्द्रका रूपमा विकास गरी लाभ लिन सकिने

गर्दै मन्त्री पौडेलले राखेको प्रस्तावमा आफू सकारात्मक रहेको बताउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वय महाशाखा प्रमुख डा भीम सापकोटाले जानकारी दिए ।

सम्मेलनका क्रममा मन्त्री पौडेलले विश्वव्यापी खोप अलाएन्स गाभीका कार्यकारी अधिकृत सानिया निस्तारसँग पनि भेटवार्ता गरे । त्यस अवसरमा उनले बालबालिकामा हुने क्यान्सरसँग जुध्नका लागि नेपालले प्रयास गरिरहेको र यस कार्यमा आवश्यक खोप सहयोगका लागि आग्रह गरे । मन्त्री पौडेलले डेङ्गुलगायत ६ प्रकारका खोप निःशुल्क उपलब्ध गराउन उनीमार्फत विश्व समुदायको ध्यानाकर्षण गराए ।

यसैगरी उनले जर्मनीका सैीय स्वास्थ्यमन्त्री कार्ल लउटरबचसँगको भेटवार्ताका क्रममा नेपालले डिजिटल स्वास्थ्यमार्फत स्वास्थ्य सुधार कार्यलाई अगाडि बढाउने बताए । जर्मन स्वास्थ्यमन्त्री कार्लले जर्मन अन्तर्राष्ट्रिय सहायता एजेन्सीमार्फत नेपाललाई दिन लागिएको करिब ३० मिलियन युरो स्वास्थ्य सहायताको प्राथमिकताबारे जिज्ञासा राखेका थिए ।

नेपालका महिला स्वास्थ्य स्वयंसेविकाको प्रशंसा

विश्व स्वास्थ्य क्षेत्रका सरोकार भएकाहरूले नेपालका महिला स्वास्थ्य स्वयंसेविकामार्फत बालबालिका तथा महिलाको खोप तथा पोषणमा सुधार भइरहेको भन्दै प्रशंसा गरेका छन् ।

विश्व स्वास्थ्य शिखर सम्मेलनको एक कार्यक्रममा स्वास्थ्यमन्त्री पौडेलले नेपालको दूरदराजमा क्रियाशील ५२ हजार महिला स्वास्थ्य स्वयंसेविकाले पोषण र मातृशिशु स्वास्थ्य सुधारका लागि उदाहरणीय काम गरेको बताए । उनीहरूकै प्रभावकारी भूमिका र योगदानका कारण मातृशिशु मृत्युदर कम गर्न सकिएको उल्लेख गरे ।

मन्त्री पौडेलले नर्वेका स्वास्थ्यमन्त्री जाँ क्रिश्चियन भेस्ट्रे तथा संयुक्त राष्ट्रसैीय बाल कोष (युनिसेफ) का शीर्ष अधिकारीसँगसमेत भेटवार्ता गरेका थिए ।

त्यस अवसरमा युनिसेफका उप कार्यक्रम निर्देशक ओमर अब्दीसँग मन्त्री पौडेलले महिला स्वास्थ्य स्वयंसेविकाको परिचालन व्यवस्थित बनाउन र उहाँहरूको सशक्तीकरणका लागि आवश्यक सहयोग गर्न आग्रह गरेका थिए । जवाफमा अब्दीले महिला स्वास्थ्य स्वयंसेविकाको योगदान प्रशंसनीय रहेको भन्दै यस कार्यमा सहयोग गर्न आफूले पहल गर्ने विश्वास दिलाएको जनाइएको छ ।

चाडपर्व मनाउँदा सामाजिक सदभाव कायम गरौं

- चाडपर्वमा अनावश्यक तडक भडक नगरौं,
- जुवातास नखेलौं र मद्यपान नगरौं,
- धार्मिक, सांस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरका रुपमा प्रयोग गरौं,
- आफ्नो जस्तै अरुको धार्मिक, सांस्कृतिक रीतिरिवाजको सम्मान गरौं,

चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड